# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३ ] काठमाडौं, ज्येष्ठ ३२ गते २०३० साल [ अतिरिक्ताङ्क १४ (ख)

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको

### विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट पंचहरूको मागबमोजिम पञ्चायत व्यवस्थाका कार्यकर्ताहरूको कामको मूल्यांकन गर्न एक व्यवस्था गरिबक्सने हुकुम बक्से अनुरूप मूल्यांकन व्यवस्था समेत समावेश गरी "गाउँ फर्क राष्ट्रिय अभियान" लाई संशोधन गरिबक्सेकोले सर्वसाधारणको जानकारीको लागि यो विज्ञप्ति प्रकाशित गरिएको छ ।

### गाउँ फर्क राष्ट्रिय अभियान २०२४

(२०३० को संशोधन र पंचायत व्यवस्थाका कार्यकर्ताको मूल्यांकन परिपाटी सहित)

राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट बक्सेको सन्देश

### गाउँ फर्क राष्ट्रिय अभियान

पञ्चायत व्यवस्थामा जनहितको निम्ति आएका रचनात्मक कामहरूमा पञ्चहरूलाई आकृष्ट गर्न सक्नु परेको छ । व्यवस्थाका कार्यकर्ताहरूले जनसेवाकै आधारबाट जन-आस्था प्राप्त गरी माथि उक्लनु पर्ने आजको नैतिक अनिवार्यतालाई हामी सबै र खास गरी पञ्च कार्यकर्ताहरूले बुझ्नु परेको छ । तसर्थ, विकासको निम्ति राजनीति आज हाम्रो उद्देश्य हुनुपरेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छ । यही नै पञ्चायत व्यवस्थामा सुधार र सुदृढीकरणको पहिलो पाइलो हुन सक्छ । गाउँ नै गाउँले भरिएको हाम्रो मुलुकमा गाउँ र जनताको सेवाबाट नै पञ्च कार्यकर्ताहरूले जन–आस्था प्राप्तगर्न सक्ने कुरामा सन्देह रहन्न । गाउँको विकास गरी पञ्चायत व्यवस्थाको उद्देश्य अनुरूप शोषणरहित समाजको सृजना गर्ने दिशातिर अघि बढ्न नै गाउँ फर्क–राष्ट्रिय अभियानको सूत्रपात गरिएको हो ।

शुरूदेखि नै ग्रामीण जनतामा चेतना जागृत गर्नु यो अभियानको महत्वपूर्ण उद्देश्य रहेको छ । यस्तो कार्यमा देशका सचेत वर्ग र खास गरी पञ्चायत तथा वर्गीय र व्यावसायिक संगठनहरूका कार्यकर्ताहरू नै सक्रिय रहनु पर्ने कुरा निर्विवाद छ । यो अभियान शुरू भएदेखि हाम्रो जस्तो अविकसित जीर्ण–शीर्ण ग्रामीण समाजमा केही मात्रामा भावनात्मक परिवर्तन नआएको होइन तथापि यसलाई अझै ठोस कार्यक्रमको आधारमा प्रभावकारी ढङ्गले संचालन गर्नु पर्ने आवश्यकता भइसकेको छ । अर्कोतिर, व्यवस्थाका पञ्च कार्यकर्ताहरूबाट नै हाम्रो सही मूल्यांकन भएन भन्ने गुनासो आएको छ । कार्यकर्ताको मूल्यांकन जनताले निर्वाचनद्वारा गरिरहेको हुन्छ तापनि आफ्नो क्षेत्रको विकास गर्न आएको कार्यक्रमलाई सफल तुल्याउन सकेको आधारमा जनप्रिय हुने कार्यकर्ता नै जन प्रतिनिधि हुन सकोस् भनी जनतालाई बोध गराउन एक सचेतकको कामगर्ने यन्त्रद्वारा सम्भव हुन्छ । सचेतक र मूल्यांकन परिपाटीको रूपमा यो गाउँ फर्क–राष्ट्रिय अभियान नै उपयुक्त माध्यम देखिन्छ किनभने गाउँ फर्क कार्यक्रमलाई सक्रिय उत्साहका साथ अघि बढाउन सकेमा पञ्चको मूल्यांकनको उपाय यो अभियान नै हुन सक्ने कुराको उल्लेख स्पष्ट रूपले गाउँ फर्क पुस्तिकामा नै भएकै हो । तसर्थ, उक्त दुवै काम यो अभियान-द्वारा गराउन वर्तमान गाउँ फर्क–राष्ट्रिय अभियानमा संशोधन गरिएको छ । पञ्च कार्यकर्ताले गाउँ तहदेखि नै जनप्रिय बनी माथि पुग्नु पर्ने हुँदा जनता र जन प्रतिनिधित्व गर्ने निकायहरूको बीच सुसम्बन्ध कायम गर्न संशोधीत राष्ट्रिय अभियानका एकाईहरू क्रमशः अञ्चल, जिल्ला, गाउँ र नगरमा पनि गठन हुने व्यवस्था गरिएको छ ।

आशा छ, संशोधित गाउँ फर्क–राष्ट्रिय अभियानले निर्दलीय पञ्चायत व्यवस्थाको आधारस्तम्भ भई देशवासीको भलाइ गर्ने काममा ठोसरूपले पुनर्जागरण ल्याउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्वर्गीय श्री ५ महेन्द्र वीर विक्रम शाहबाट बक्सेको सन्देश

# गाउँ फर्क राष्ट्रिय अभियान

अब हाम्रो दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्था नेपाल र नेपाली समाजको अभिन्न अङ्ग भइसकेको सिद्ध भएकोले यसद्वारा क्रमशः विकेन्द्रीकरण र शोषणरहित समाजको सृजना गर्ने लक्ष्यतर्फ हामी अगाडि बढिरहेका छौं तापनि अहिले हामी प्रारम्भिक खुड्किलोमा मात्र छौं र हामीले गर्नुपर्ने कुरा अझ धेरै बाँकी नै छन् । देशका अधिकांश जनता गाउँमा बस्ने भएकोले व्यवस्थाको मूलभूत लक्ष्य प्राप्तिका लागि हामीले गाउँतिर नै फर्कनु परेको छ । हाम्रो ग्रामीण समाजमा सयकडौं वर्षदेखि रहेको उदासीनताको अन्त अझै भइसकेको छैन र ग्रामीण जनतामा आफ्नो अधिकार, कर्त्तव्यप्रति वाञ्छित मात्रामा चेतना अझ जागृत भइसकेको छैन । अशिक्षा, रोग र गरीबीले अझै पनि गाउँमा जरो गाडेकै छ । व्यवस्था अन्तर्गत गाउँ पञ्चायत-हरूद्वारा गरिएका विभिन्न विकास कार्यहरू तथा यस व्यवस्थाको अभिन्न अंगको रूपमा संचालन गरिएको भूमिसुधार जस्ता कार्यक्रमले गर्दा ग्रामीण जनतामा चेतना र गति ल्याउने दिशातर्फ हामी निश्चय नै प्रगति गरिरहेका छौं तापनि समयको माग अनुसार अझ बढ्ता द्रुतगतिले अगाडि बढ्ने आवश्यकता आज सबैले अनुभव गरिरहेका छन् । शिक्षित, सक्षम तथा नेतृत्व दिन सक्ने व्यक्तिहरूमा गाउँ छोड्ने प्रवृत्तिले गर्दा समस्या अझ विकट हुनेछ । यस प्रवृत्तिलाई त्यागेर सबैले व्यवस्थाको लक्ष्य छिटो हासिल गर्न आफ्नो सारा ध्यान र प्रयत्न गाउँतिर केन्द्रित गर्नु पर्ने भएको छ । यसको आवश्यकता जति स्पष्ट छ यसलाई पूरा गर्न त्यत्तिकै कठिन छ र राष्ट्रियता, देशप्रेम, ईमानदारी, अनुशासन र परिश्रम गर्ने बानीद्वारा मात्र यो पूरा गर्न सम्भव हुन्छ । यस उद्देश्यलाई पूरा गर्न आज राष्ट्रको समस्त शक्तिलाई एकत्रित र परिचालित गरी एउटा सशक्त राष्ट्रिय अभियान चलाउनु आवश्यक भएकोले को मन्त्री, को पञ्च, को शिक्षक, को विद्यार्थी, को बुद्धिजीवी, को समाजसेवी, को कर्मचारी– सबैले केही न केही आवश्यक त्याग गरी यस अभियानमा योगदान गर्नुपरेको छ । अतः यस "गाउँ फर्क" कार्यक्रमलाई राष्ट्रिय अभियानको रूपमा अनुशासित, निर्देशित र नियन्त्रित ढङ्गले भाग लिन म नेपाली मात्रलाई आह्वान गर्दछु । यस अभियानमा मन्त्रीहरू, विभिन्न तहका पञ्चहरू र वर्गिय संगठनका विभिन्न तहका सदस्यहरूले अनिवार्य रूपमा भाग लिऊन् र इच्छा हुने सबै नेपाली मात्रले पनि आफ्नो क्षमता अनुसार सकभर बढी मात्रामा सरीक होऊन् भन्ने मेरो आह्वान छ । देशका असंख्य ग्रामीण जनतालाई घच्घच्याएर बिउँझाउनु, उनीहरूलाई सक्रिय गराई राष्ट्रव्यापी राष्ट्रिय नवजागरण ल्याउनु नै यस अभियानको मूल उद्देश्य हो ।

मलाई पूरा विश्वास छ कि समयको माग पूरा गर्न सदैव कटिबद्ध रहने तथा आफ्नो मातृभूमिको गौरव बढाउन सदा तत्पर रहने देशवासीहरू तथा व्यवस्थालाई गतिशील बनाउन दृढप्रतिज्ञ रहने सम्पूर्ण पञ्चहरू यस राष्ट्रिय अभियानमा सक्रियतापूर्वक अनुशासित ढङ्गले भाग लिन कहिले पनि पछि पर्ने छैनन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

66

## कार्यक्रम

कार्यक्रमका मुख्य आधार निम्नलिखित छन्ः–

१) राष्ट्रियता र राष्ट्रिय एकताको भावना सुदृढ र व्यापक बनाउने ।
२) दलविहीन पञ्चायती प्रजातन्त्रको विकल्परहित आवश्यकताको बोध गराउने र निर्दलीय भावनालाई विकसित र सुदृढ पार्ने ।
३) असंलग्न परराष्ट्र नीतिको अनुकूल आचरण गर्ने ।
४) भ्रष्टाचार, अन्याय, अत्याचार, अनावश्यक ढीलासुस्ती समाप्त गर्ने अभियान चलाउने ।
५) ग्रामीण समाजमा चेतना र सक्रियता ल्याउने ।
६) चालू भूमिसुधार, मुलुकी ऐन, समाजसुधार र देशव्यापी निर्माण कार्यक्रमको सफल कार्यान्वयनमा बल पुऱ्याउने ।
७) साझा (सहकारी) भावना र कार्यक्रमको प्रचार र विस्तार गर्ने ।
८) जनजीवनमा वृक्षारोपण, वन र वन–जन्तुको रक्षासम्बन्धी महत्वबोध गराउने ।
९) कृषि उत्पादनको वृद्धिमा जोड दिने ।
१०) ठाउँ सुहाउँदो घरेलु उद्योगलाई प्रोत्साहन र विस्तार गर्ने भावना देशव्यापी रूपमा जागृत गराउने ।

### १. राष्ट्रियता र राष्ट्रिय एकताको भावनालाई व्यापक र सुदृढ बनाउने

प्रत्येक नेपालीमा राष्ट्रियता र राष्ट्रिय एकताको भावना दृढ र विशाल बनाउनु आज हाम्रो परम कर्तव्य हो । यसको अभावमा नेपाली जातिको अस्तित्व रहन सक्तैन । यसको निमित्त–

(क) देशको गौरवमय इतिहास र पुरुखाहरूका महान् चरित्रहरूप्रति जनताको हृदयमा श्रद्धा र कृतज्ञता जगाउने प्रसंगमा जनक, सीता, बुद्ध, अंशुवर्मा, अरणिको, राम शाह, पृथ्वीनारायण शाह, वीर बलभद्र, अमरसिंह, भीमसेन थापा, भानुभक्त, मोतीराम, श्री ५ त्रिभुवन, श्री ५ महेन्द्र जस्ता विभूतिहरूको गाथा प्रकाशित गरिने, खोजी गरिने, उनीहरूका नाउँमा स्कूल, कलेज, अस्पताल, शहरका नाउँ र सडकहरूको नामकरण गर्ने ।

(ख) सकेसम्म आफ्नै देशमा तयार भएका वस्तुहरूको व्यवहार गर्ने, नेपाली लुगा लगाउने ।

(ग) नेपाली भाषा सिक्ने र बोल्ने कुरामा आत्मगौरव सम्झिने ।

(घ) राष्ट्रिय झण्डा र चिह्नका नमूनाहरू वितरण गर्ने, ब्याज लगाउने ।

(ङ) आफ्नै राष्ट्रिय संस्कृति, कला, साहित्य, लोक-संगीत, लोक-नृत्य एवं समाजका उपयोगी र अनुकरणीय रीति र स्थितिको खोजी र प्रचार गर्ने, स्थानीय वेषभूषा र स्थानीय लोक–गीतको प्रतियोगिता गराउने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) विभिन्न राष्ट्रिय चाड–पर्व र राष्ट्रिय विकास–निर्माणसम्बन्धी नेपाली डकुमेण्टरी फिल्महरू प्रत्येक सिनेमा घरमा देखाउने र गाउँ–गाउँमा पनि पुर्‍याउने ।

(छ) देशका विभिन्न भागका लोक-संस्कृति, नृत्य र चाड–पर्वसम्बन्धी झाँकीहरूका डकुमेण्टरी तयार पारेर प्रचार गर्ने ।

(ज) राष्ट्रिय एकतामा बल दिने खालका धार्मिक र नैतिक आधारमा लेखिएका लेख, कवितासम्बन्धी साहित्य प्रचार गर्ने ।

(झ) जातीय र क्षेत्रीय भावना र विचारलाई त्यागी हामी सबै गौरवमय इतिहास भएको एउटै मातृभूमि नेपालको सन्तान हौं भन्ने भावना राख्ने र यसको निमित्त सांस्कृतिक आदान–प्रदान र एक क्षेत्रका पञ्च र संगठनका सदस्यहरूको अर्को क्षेत्रमा भ्रमण गराउने ।

(ञ) सबैले आफ्नो श्रम, शक्ति र सम्पत्ति आफ्नै राष्ट्रको विकास र उन्नति हुने काममा लगाउने र यथाशक्य कसैले पनि आफ्नो धनसम्पत्ति विदेशमा नराख्ने ।

## २. दलविहीन पञ्चायती प्रजातन्त्रको विकल्परहित आवश्यकताको बोध गराउने र निर्दलीय भावनालाई विकसित र सुदृढ पार्ने

निर्दलीय पञ्चायती प्रजातन्त्रको विकल्परहित आवश्यकताको बोध गराई निर्दलीय भावनालाई विकसित र सुदृढ गर्ने आवश्यकता छ । दलीयभावनाले राष्ट्रिय शक्तिलाई टुक्र्याउँछ र दलीय स्वार्थले राष्ट्रहितलाई बिर्साउँछ । हामीले १० बर्षको लामो अवधिका अनुभवबाट दलरहित व्यवस्थाको प्रारम्भ गरेका हौं र हाम्रो इतिहास, माटो र परम्पराको समर्थन यस व्यवस्थाले प्राप्त गरेको छ । दलबन्दी कुनै क्षेत्रमा पनि हुन दिन हुन्न । शासन र पञ्चायतका कुनै तहमा पक्षपात हुन दिन हुन्न । यसको निमित्त–

१. निर्दलीयपनको अनुरूप आचरण गर्ने ।
२. सभा र गोष्ठीद्वारा निर्दलीयताको अर्थ बुझ्ने र बुझाउने ।
३. पक्षपात, गूटबन्दी र दलीय भावनालाई निर्मूल पार्ने ।
४. पञ्चायत र वर्गीय संगठनहरूमा एवं समाजका अन्य क्षेत्रमा पनि समूहको महत्व कायम गराउने प्रयास गर्ने र सामूहिक नेतृत्वमाथि आस्था बढाउने ।

## ३. असंलग्न परराष्ट्र नीतिको अनुकूल आचरण गर्ने

असंलग्नता, सहअस्तित्व र शान्तिप्रियता नेपाली परराष्ट्र नीतिका प्रमुख र अभिन्न अंग हुन् । नेपाल सबैसंग मित्रता र सौहार्दता चाहन्छ र खासगरी नजीकका छिमेकीहरूसंग मित्रता, समझदारी र शान्तिपूर्ण वातावरणमा बस्ने नेपालको स्थायी आकांक्षा छ । हामी कुनै सैनिक वा राजनीतिक गूटबन्दीमा लाग्दैनौं । गूटबन्दीमा संलग्न रहनु पञ्चायतको उद्देश्य र क्रियाकलापको विपरीत हुन्छ । इतिहासले र भौगोलिक स्थितिले पनि यसको समर्थन गर्दैन । यसको निमित्त–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. सबै विदेशीसंग कुरा गर्दा आफ्नो देश, राजसंस्था, व्यवस्था, कला, सभ्यता आदि विषयमा आस्था र विश्वासका साथ कुरा गर्ने ।

२. विभिन्न विश्व समस्याहरूमा नेपालले लिएको नीति नेपालीहरूले बुझ्न रुचि राख्ने ।

३. प्रत्येक नेपालीले राष्ट्रहितलाई मनमा राखेर स्वदेशी–विदेशीसंग शिष्टता र दृढतासाथ व्यवहार गर्ने ।

४. पञ्चायत व्यवस्थाबारे स्वदेशी-विदेशीसंग कुरा गर्दा पञ्चायती व्यवस्था अन्तर्गत प्राप्त महान् सामाजिक र आर्थिक उपलब्धिको उल्लेख गर्ने ।

५. सबैसंग शान्ति र मित्रतापूर्वक रहने हाम्रो नीति भएकोले सबै राष्ट्रहरूप्रति सद्भावना राखी चर्चा गर्ने ।

## ४. भ्रष्टाचार, अन्याय, अत्याचार र अनावश्यक ढीला-सुस्ती समाप्त गर्ने अभियान चलाउने

भ्रष्टाचार, अन्याय, अत्याचार, अनावश्यक ढीला-सुस्ती समाप्त गर्नु आजको माग छ । अनुचित तरीकाले आर्थिक लाभ गर्नु, सरकारी र सार्वजनिक सम्पत्तिको हानी-नोक्सानी गर्नु, जाल र फटचाईंद्वारा जनतालाई दुःख र हैरानी दिनु, अधिकार प्राप्त व्यक्तिले अनावश्यक ढीला-सुस्ती गर्नु, अनुचित दवाब तथा प्रभाव पार्नु र अधिकार तथा सुविधाको दुरुपयोग गर्नु, चोरबजारी गर्नु, विकास-निर्माण कार्यको रकम दुरुपयोग गर्नु र घूस लिनु वा दिनु आदि दुर्गुणहरू भ्रष्टाचार हुन् ।

भ्रष्टाचार, अन्याय, अत्याचार र अनावश्यक ढीला-सुस्ती समाप्त गर्न राष्ट्रव्यापी अभियान चलाउनु परेको छ । व्यवस्था र यसका आधारभूत सिद्धान्तहरूको आलोचना अथवा विरोध नहुने गरी भ्रष्टाचार, अन्याय, अत्याचारसंग सम्बन्धित व्यक्ति र उसको कारवाईको विरोधमा पञ्चायतको माध्यमद्वारा जनभावनालाई जागृत गराइनेछ । भ्रष्टाचार, अन्याय, अत्याचार गर्नेहरूको विरुद्ध पञ्चायतद्वारा जनमत व्यक्त गर्ने अभियान चलाई भ्रष्टाचारी प्रवृत्तिलाई हतोत्साह गर्नुपर्छ । आवश्यकतानुसार अन्यायी र अत्याचारीलाई सामाजिक वहिष्कार पनि गर्नुपर्छ । तर घृणाको भावना छोडी, सुधारको प्रवृत्ति रहनु पर्दछ । यस्तो अभियान चलाउँदा अनेक समस्याहरू पैदा हुने सम्भावना पनि हुन्छ । त्यस्तो हुन नपाओस् भन्नाका लागि सावधान रहनु पर्दछ ।

## ५. ग्रामीण समाजमा चेतना र सक्रियता ल्याउने

देशकल्याणको कार्यक्षेत्र गाउँहरूमा व्याप्त छ र पञ्चायती व्यवस्थाको कर्मभूमि गाउँहरूले नै बनेको छ भन्ने सत्य र समयको मागलाई राम्रोसंग बुझी पञ्चायत र वर्गीय संगठनलाई बढी सचेत र सक्रिय बनाउनलाई निम्नांकित काम गर्ने—

(क) पञ्चहरूले खास गरी उपल्लो तहकाले स्थानीय विकास र निर्माणको काममा र सुधारको कार्यक्रममा श्रमदानी र स्वयंसेवक बनी सक्रिय भाग लिने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ८०

(ख) सबै पञ्चहरू र वर्गीय संगठनका सदस्यहरूले आफ्नो जीवन सादा र आचरण स्वच्छ राखी समाजसेवाको भावनाले काम गर्ने तथा यसको प्रतिकूल काम गर्नेको विरुद्ध जनजागृतिको नैतिक बलको प्रयोग गरी सामाजिक बहिष्कारको अभियान चलाउने ।

(ग) नैराश्य, निरुत्साह, खराब नियत, कुभावना, अन्याय, अत्याचार र भ्रष्टाचारलाई समाप्त पार्न पञ्चायतमा नैतिक बल, संगठनात्मक शक्ति र नवीन चेतनाको सृजना गर्ने ।

(घ) गाउँका समस्याहरूको समाधान गर्न तथा गाउँबाट भाग्न लागेका युवा समर्थवान् र शिक्षित तत्वको मनमा गाउँहरूप्रति आकर्षण र अनुराग उत्पन्न गराउन ठोस, व्यावहारिक र प्रभावकारी ग्रामोन्मुख योजना, कार्यक्रम र अभियानको सृजना र संचालन गर्ने ।

(ङ) गाउँस्तरमा गरिने समाजसेवा, श्रमदान, त्याग, सक्रियताको कदर गरी बढी पुरस्कृत र प्रशंसनीय बनाउने योजनाहरू गर्ने ।

(च) राष्ट्रिय जागरण र राष्ट्रिय उत्थानको काममा पञ्चायतहरूलाई बढी सचेत, सक्रिय र लगनशील बनाउने उद्देश्यले तालीम र प्रशिक्षणको आयोजना गर्ने ।

(छ) महाविद्यालय र माध्यमिक विद्यालयस्तरका अध्यापक र विद्यार्थी-हरूले गाउँमा गई गाउँ पञ्चायतहरूलाई सक्रिय गराउन सहायता गर्ने तथा कमसेकम एउटा समाजसेवाको कार्यक्रम वा श्रमदानमा भाग लिएर र अन्य तरीकाले पनि अभियानमा सहायता गर्ने ।

(ज) शहरमा बस्ने अरू व्यवसायमा रहेका व्यक्ति र बुद्धिजीवी र समाज-सेवीहरूले पनि आफ्नो अनुकूल अनुसार गाउँमा गई समाजसेवाको कार्यक्रममा र अभियानमा भाग लिने ।

(झ) गाउँमा रहेका शिक्षकहरूले गाउँ पञ्चायतको कार्यक्रममा भाग लिने र अभियानमा सहायता गर्ने ।

### ६. चालू भूमिसुधार, मुलुकी ऐन, समाजसुधार र देशव्यापी निर्माण कार्यक्रमको सफल कार्यान्वयनमा बल पुऱ्याउने

कुनै पनि राजनीतिक व्यवस्थालाई मजबूत पार्न देशको आर्थिक पृष्ठभूमि बलियो पार्नुपर्छ । औद्योगिक क्षेत्रमा विकास नभई देशमा आर्थिक समृद्धि आउन सक्दैन । कृषि नै एकमात्र धन्दा भएको हाम्रो देश हुनाले भूमिसुधारकै माध्यमबाट हामी औद्योगिक क्षेत्रमा प्रवेश गर्न थालेका छौं । अब भूमिसुधार कार्यक्रमकै सफल कार्यान्वयनमा मात्र हाम्रो अर्थव्यवस्था बलियो हुन सक्छ र औद्योगिक विकास पनि सम्भव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छ । भूमिसुधारको माध्यमबाट हामीले शोषणरहित समाज कायम गर्न खोजेका छौं । यस स्थितिमा यस कार्यक्रमलाई सफल पार्न सम्पूर्ण शक्ति लगाउनु परेको छ । यस्तै मुलुकी ऐन, समाजसुधारका अन्य कार्यक्रम र देश निर्माणको निम्ति गरिएका ठूलठूला योजनाको महत्व पनि जनसमक्ष पुरयाउनु परेको छ । यसको निमित्त निम्न-लिखित काम गर्नुछ–

(क) लुकाएर राखेको हदबन्दीभन्दा बढी जग्गा वास्तविक रूपमा पत्ता लगाई सम्बन्धित अधिकारीलाई सूचना दिने ।

(ख) वास्तविक मोहीलाई प्रमाणपत्र दिलाउने ।

(ग) बेदखल गरिएका मोहियानी हक फिर्ता गराइदिन र बेदखल गर्ने प्रवृत्ति रोक्ने ।

(घ) "वचत" को महत्व दर्शाएर त्यसको सदुपयोगमा ध्यान दिने ।

(ङ) भूमिसुधारको उद्देश्य र आवश्यकता बारे व्यापक रूपमा प्रचार गर्ने ।

(च) पूर्व-पश्चिम राजमार्गको राष्ट्रिय महत्व बारेमा जनतालाई बोध गराउने ।

(छ) वहुविवाह, वालविवाहको विरूद्ध सामाजिक चेतना जगाउने र त्यस्तो विवाह गर्ने मानिसको सामूहिक वहिष्कार गर्ने ।

(ज) जुवा खेल्नु समाज र देशको लागि घातक हो भन्ने तथ्यको सबैलाई बोध गराई यसको विरूद्ध सामाजिक अभियान गर्ने ।

(झ) विवाह, व्रतवन्ध, उत्सव र चाड–पर्वमा अनावश्यक र बढी खर्च नगर्ने र आफ्नो हैसियतले नभ्याउने गरी अरूको देखासिकी नगर्ने ।

(ञ) भोग विलास, शृंगार र पहिरनको विषयमा अरूको नक्कल गर्ने सामाजिक आडम्बरलाई त्याग्ने र सादा, स्वच्छ र स्वस्थ जीवनमा आफ्नो इज्जत र देशको मर्यादा सम्झने वातावरण तयार गर्ने ।

७. साझा (सहकारी) भावना र कार्यक्रमको प्रचार र विस्तार गर्ने

वर्गसमन्वय र निर्दलीयता अंगालेको पञ्चायती प्रजातन्त्रको लागि उपयुक्त, आवश्यक र कल्याणप्रद अर्थ-व्यवस्था नै साझा हो । सबैको कल्याण, सबैको सुख, सबैको समृद्धि र सबैको समन्वयात्मक विकासको आधारभूत आदर्श भएको साझा अर्थ-व्यवस्था शोषणरहित र संघर्षरहित समाजको सृजना गर्ने लक्ष्य भएको पञ्चायती व्यवस्थाको एक अभिन्न अंग हो । साझा व्यवस्था र पञ्चायती व्यवस्था एक अर्काको सहयोगी र पूरकका रूपमा छन् । यसको लागि निम्नांकित काम गर्ने–

(क) साझा अर्थ-व्यवस्थाको सिद्धान्त र त्यसको नेपालको लागि नभई नहुने आवश्यकता तथा औचित्यको व्यापक बोध गराई नेपाली जनताको आस्था र बिश्वास सहकारितामा जगाउने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) पञ्चायती प्रजातन्त्र र साझा अर्थ-व्यवस्थाको आपसी मेल, त्यसको बीचको पारस्परिक सहयोग, त्यसमा रहेको अन्योन्याश्रित अवस्था तथा त्यसको परस्परको परिपूरकताको सैद्धान्तिक र वैज्ञानिक खोजी-तलासी गरी पञ्चायती प्रजातन्त्रमा साझा अर्थ-व्यवस्थाको सर्वमान्यता र विकल्परहित आवश्यकताको औचित्य सबैलाई बोध गराउने ।

(ग) गाउँ वा माथिल्लोस्तरमा साझा संस्थाहरू खोल्ने र चलिरहेका संस्थाहरूको उन्नतिका लागि प्रयत्न गर्ने ।

(घ) साझा अर्थ-व्यवस्थालाई जनप्रिय बनाउने उद्देश्यले कार्यक्रम, गोष्ठी, भाषण, प्रदर्शन र अभियानको आयोजना गर्ने । सबैलाई अनिवार्य बचत र अरू चलेका सहकारिताका कार्यक्रमहरूको बोध गराउने ।

(ङ) सबैले साझा संस्थाहरूलाई अपनाउने र साझा अभियानमा सक्रिय सदस्य भई काम गर्ने ।

(च) साझा संस्थाहरूमा पैसा लगाउने र अरूहरूलाई पनि सम्झाई-बुझाई साझा संस्थाको हिस्सा (शेयर) किन्न लगाउने ।

(छ) सबै पञ्चहरू र वर्गीय संगठनका सदस्यहरूले साझा अभियानमा विशेष सक्रिय रहने र अरूहरूको लागि उदाहरण बन्ने ।

(ज) साझा अभियानलाई राष्ट्रव्यापी जनअभियानको रूप दिने र यसको विपरीत काम कुरा र कारबाई गर्नेलाई सही, तर्कयुक्त तथा उचित जबाफ दिने ।

८. जन-जीवनमा वृक्षारोपण, बन र बनजन्तुको रक्षासम्बन्धी महत्व बोध गराउने

(क) बन जंगलको राष्ट्रिय महत्व सबैलाई बोध गराउने ।

(ख) बन जंगलको सुरक्षा गर्ने काम एउटा पवित्र राष्ट्रिय काम हो भन्ने भावना र चेतना जनजीवनमा ल्याउनको लागि अभियान चलाउने ।

(ग) बन-जंगल नाश गर्ने काम देशघाती तथा राष्ट्रविरोधी काम हो भन्ने दृष्टिकोण जनतामा सृजना गर्ने र बन-जंगलको नाश गर्नेलाई सामाजिक बहिष्कार गर्ने आशयले सामूहिक र व्यापक अभियान गर्ने ।

(घ) वृक्षारोपण अभियानलाई जन-अभियानको रूप दिने र सामूहिक तथा व्यक्तिगत रूपमा वृक्षारोपण गर्नेहरूको कदर गर्ने ।

(ङ) बीउ र बिरुवा बितरण गर्ने । पञ्चायत र वर्गीय संगठनको क्रियाशीलताको एउटा प्रमुख मापदण्ड वृक्षारोपण र बनजंगलको सुरक्षालाई तोक्ने । प्रत्येक गाउँ पञ्चायतमा बन महोत्सवहरू मनाउने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) सबै पञ्च र वर्गीय संगठनका सदस्यहरूले वृक्षारोपण र बन-जंगलको सुरक्षामा विशेष अभिरुचि देखाउने ।

(छ) वृक्षारोपण, वन र वनजन्तुको सुरक्षाको काम एउटा पवित्र राष्ट्रिय कर्त्तव्य हो भन्ने भावना जनसाधारणमा जगाई सो काम गर्नमा पञ्चायतहरूको बीचमा स्वच्छ प्रतियोगिताको सृजना गर्ने र वन-जंगलको चोरी र नाश गर्नेलाई सार्वजनिक नजरबाट गिराउने र निजको विरोध गर्ने, निन्दा गर्ने र वहिष्कार गर्ने तत्परता र सक्रियता जनजीवनमा ल्याउने ।

(ज) नेपालमा अमूल्य वनजन्तुहरू छन् । जंगल पातलो हुँदै जाँदा जंगली जन्तु पनि मासिँदै जानु स्वाभाविक हुन्छ । वनजन्तु हाम्रो ठूलो राष्ट्रिय सम्पत्ति हो, वन मास्नु र वनजन्तु जथाभावी मार्नु ठूलो अपराध हो भन्ने कुरा आज प्रत्येक नेपालीमा बोध गराउनु हो ।

९. कृषि उत्पादन वृद्धिमा जोड दिने

दिनहूँ बढ्दो जनसंख्या र सोही क्रममा बढिरहेको जनताका मागहरूको अनुपातमा हाम्रो उत्पादन बढ्न सकेको छैन । खाद्यान्नको विषयमा सँधै स्वावलम्बी रहेको देशको सम्पूर्ण पहाडी क्षेत्रको अधिकांश भाग अब अभावग्रस्त हुँदैछ । यसले देशको लागि एउटा समस्या खडा गरेको छ । बढी उत्पादन गर्नु समयको माग हो । बढी उत्पादनको लागि देशव्यापी अभियान गर्नुपर्ने बाध्यता, आवश्यकता र अवस्था परेको छ । यसका लागि निम्नांकित काम गर्ने–

(क) बढी उत्पादनको शिल्प, तरीका र साधनहरू सर्वसाधारणको लागि बोध र उपलब्ध गराउने ।

(ख) एक बालीको सट्टा बढी बाली लगाउने अभियान चलाउने । सम्भव हुने क्षेत्रमा हिउँदे खेती अनिवार्य गराउने ।

(ग) बढी उत्पादनको आवश्यकताबारे सरल तरीकाले सर्वसाधारण जनताले बुझ्ने गरी प्रचार गर्ने र बढी उत्पादनमा जनताको जोश र जाँगर उत्साहपूर्वक लगाउने ।

(घ) बढी उत्पादन गर्नेहरूको कदर गर्ने र बढी उत्पादन गर्ने वातावरणलाई व्यापक बनाउने । पुरस्कार, प्रतियोगिता, प्रदर्शनी आदिको व्यवस्था-द्वारा कृषकहरूलाई प्रोत्साहित गर्ने । पञ्चायतहरूको बीचमा पनि बढी उत्पादनको प्रतियोगिता गराउने ।

(ङ) फलफूल खेती, घरेलु उद्योग र पशुपालनको ठाउँ सुहाउँदो योजना बनाई सो बिषयको उत्पादन बढाउने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. गाउँ सुहाउँदो घरेलु उद्योगलाई प्रोत्साहन र विस्तार गर्ने भावना देशव्यापीरूपमा जागृत गराउने

(क) घरेलु उद्योगको महत्व र उपयोगिताको बोध सबैलाई गराउने ।

(ख) स्वयं घरेलु उद्योगको उत्पादनको प्रयोग गर्ने र अरूलाई प्रयोग गर्न प्रोत्साहित गर्ने ।

(ग) नेपालको अवस्था र वस्तुस्थितिमा घरेलु उद्योगको उपयुक्तता र आवश्यकतालाई सबैले बुझ्ने गरी प्रकाशमा ल्याउने ।

(घ) परम्परादेखि रहेको लघु-उद्योग र मौरीपालन जस्ता कार्यलाई प्रोत्साहित गरी देशको शिल्पलाई पुनः उत्थान गर्ने प्रवन्ध मिलाउने ।

(ङ) श्रमको महत्व सबैलाई बुझाउने गरी व्यापक प्रचार गर्ने ।

(च) राष्ट्रियता, देशको आर्थिक विकास तथा स्वावलम्बनको निम्ति घरेलु उद्योगको महत्व र आवश्यकता जनसाधारणलाई बुझाउने उद्देश्यले मेला, प्रदर्शनी र प्रचारको आयोजना गर्ने काममा पञ्चायतहरूले सक्रिय भागलिने र घरेलु उद्योगलाई व्यापक र जनप्रिय बनाउनको लागि जन-अभियान गर्ने ।

गाउँ फर्क कार्यक्रममा अनिवार्यरूपले भाग लिनु पर्नेहरू:-

१. प्रधानमन्त्री लगायत मन्त्रिपरिषद्का सदस्यहरू,
२. प्रधान न्यायाधीश, न्यायाधीशहरू र न्याय सेवाका कर्मचारीहरू,
३. राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरू,
४. राजसभा स्थायी समितिका सभापति र सदस्यहरू,
५. वर्गीय र व्यावसायिक संगठनहरूका सबै तहका पदाधिकारीहरू र सदस्यहरू,
६. संवैधानिक अंगहरूका पदाधिकारीहरू र कर्मचारीहरू,
७. गाउँ फर्क-राष्ट्रिय अभियानका विभिन्न तहका मनोनीत सदस्यहरू,
८. अञ्चलदेखि गाउँ तहसम्मका पञ्चहरू,
९. श्री ५ को सरकारको मुख्य सचिव लगायत विभिन्न सेवाका कर्मचारीहरू,
१०. त्रिभुवन विश्वविद्यालय र यस अन्तर्गतका सबै संस्थानहरूका पदाधिकारीहरू, प्राध्यापकहरू र कर्मचारीहरू,
११. श्री ५ को सरकारको नियन्त्रणमा रहेका निगम, संस्थान र संस्थाहरूका पदाधिकारीहरू र कर्मचारीहरू ।

यसरी विभिन्न क्षेत्रका पञ्च, संवैधानिक अंगका पदाधिकारीहरू, कर्मचारीहरू तथा शिक्षकवर्गले गाउँ फर्क कार्यक्रममा भाग लिंदा केन्द्रीय समितिले तोकेको अवधिसम्म निर्धारित कार्यक्रम अनुरूप काम गर्नु पर्नेछ । पञ्चायत तथा वर्गीय र व्यावसायिक संग-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८८

ठनहरूका विभिन्न तहका कार्यकर्ताहरूले तोकिएको गाउँको कार्यक्रममा आफू संलग्न हुने र जनतालाई समेत सरीक गराउन प्रयास गर्नु पर्नेछ । कर्मचारी तथा शिक्षकवर्गले केन्द्रीय समितिको निर्देशनको आधारमा अञ्चल अभियान समितिहरूले तोकेको अवधि सम्म र निर्धारित कार्यक्रम अनुसार काम गर्नु पर्नेछ ।

पञ्चायत तथा वर्गीय र व्यावसायिक संगठनहरूका विभिन्न तहका पदाधिकारीहरू र सदस्यहरूले गाउँ फर्क कार्यक्रमलाई सक्रिय भई, गराई सफल पार्नुपर्छ र यो उनीहरूको मूल्यांकनको लागि अन्य आधारहरूमध्ये एक महत्वपूर्ण आधार हुनेछ र अरूका लागि प्रतिष्ठा र पदोन्नतिको लागि सहायक हुनेछ ।

गाउँ फर्क कार्यक्रममा भाग लिदा निम्नांकित कुराहरूको पालना गर्नु पर्नेछ:—

१. कुनै पनि सरकारी सुविधाको प्रयोग नगर्ने,
२. स्थानीय बासिन्दा सरहै सादा तरीकाले रहने,
३. स्थानीय बासिन्दाहरूको लागि उपदेशभन्दा बढी उदाहरण बन्ने,
४. माल्यार्पण, स्वागत भाषण तथा भोजको आयोजना नगराउने,
५. पत्रकारहरू र बेसरोकारका व्यक्तिहरूलाई पछाडि नलाउने र
६. शंकास्पद चरित्र, बदनाम र जनताले नरुचाउने व्यक्तिको आतिथ्य स्वीकार नगर्ने ।

## गाउँ फर्क—राष्ट्रिय अभियान, केन्द्रीय समिति

(क) गठन:—

(१) अध्यक्ष— श्री ५ बाट मनोनीत सदस्यहरूमध्ये वर्णानुक्रम अनुसार ६–६ महीनाको लागि कुनै एक सदस्य ।
(२) प्रधान मन्त्री— पदेन सदस्य ।
(३) राष्ट्रिय पञ्चायतका अध्यक्ष— पदेन सदस्य ।
(४) गृह पञ्चायत मन्त्री— पदेन सदस्य ।
(५) वर्गीय र व्यावसायिक संगठनका केन्द्रीय कार्य समितिका सभापतिहरू— पदेन सदस्य ।
(६) पञ्चायत व्यवस्थामा उपयुक्त ठहरिएका व्यक्तिहरू मध्येबाट ८ जना श्री ५ बाट मनोनीत सदस्यहरू ।
(७) सदस्य-सचिव— श्री ५ बाट मनोनीत व्यक्ति ।

द्रष्टव्य:— मनोनीतहरूको अवधि सामान्यत: ४ वर्षको हुनेछ र पुनः मनोनीत हुन सक्नेछन् ।

(ख) कर्तव्य र अधिकार:—

(१) केन्द्रीय समितिले अञ्चल अभियान समितिहरू मार्फत् जिल्ला, गाउँ र नगर अभियान समितिहरूबाट प्राप्त स्थानीय समस्या र आकांक्षाहरूसम्बन्धी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अध्ययन, मनन र छलफल गरी श्री ५ का जुनाफमा प्रतिवेदन चढाउने ।

श्री ५ बाट जायज ठहरयाइबक्सेका आवश्यकताहरूलाई विकास कार्यक्रममा पारी कार्यान्वयन गर्न कार्यपालिकालाई आवश्यक निर्देशन बक्सने ।

(२) श्री ५ बाट केन्द्रीय समितिलाई बक्सेको निर्देशनको आधारमा पञ्चायत तथा वर्गीय र व्यावसायिक संगठनहरूका तह अनुसारका विकास कार्यक्रमसित सम्बन्धित जन-शक्ति परिचालनसम्बन्धी कार्यक्रमहरूको तर्जुमा गरी उनीहरूलाई जिम्मेवारी र जवाफदेही सहित निर्देशन दिने ।

(३) अंचलदेखि गाउँ तहसम्मका पंचायत तथा वर्गीय र व्यावसायिक संगठनका विभिन्न अवयवहरूलाई व्यवस्थाको मूलभूत सिद्धान्त अनुरुप सक्रिय पार्न ठोस निर्देशन दिने ।

(४) पञ्चायत तथा वर्गीय र व्यावसायिक संगठनहरूका विभिन्न अवयवहरू निस्क्रिय हुन जाने कारणहरूको विश्लेषण गर्दा देखिएका त्रुटिहरूको निराकरण गर्ने ।

(५) वरिष्ठ एवं कर्मठ कार्यकर्ताहरूलाई मूल्यांकनको आधारमा माथिल्लो तहको जिम्मेवारीको लागि प्रोत्साहन गर्न श्री ५ महाराजाधिराज सरकारका जुनाफमा सिफारिश गर्ने ।

(६) मनोनीत सदस्यहरूले पूरा समय काम गर्नु पर्ने र नियमितरूपले तोकिएको क्षेत्रको अध्ययन, निरीक्षण, मूल्यांकनसम्बन्धी जाँच-बुझ र संगठनात्मक काम-कारवाई गर्नु पर्ने ।

(७) व्यवस्थाका आधारभूत सिद्धान्त, नियमहरू र कार्यक्रमको विपरीत आचरण गर्ने राष्ट्रिय पञ्चायतका सदस्यहरू तथा वर्गीय र व्यावसायिक संगठनका केन्द्रीय सभापतिहरूका लागि नेपालको संविधानको धारा ३८ (२) बमोजिम आयोगमा प्रतिवेदन पेश गर्ने ।

(८) निर्दिष्ट सिद्धान्त, नियमहरू र कार्यक्रमको विपरीत आचरण गर्ने अञ्चलस्तरीय पञ्चायतका कार्यकर्ताहरू तथा वर्गीय र व्यावसायिक संगठनका केन्द्रीय समितिका पदाधिकारीहरू, सदस्यहरू र अञ्चलस्तरीय कार्यकर्ताहरूमाथि अनुशासनको कारवाई गर्ने:—

(क) आत्म-आलोचना गराएर,

(ख) तोकिएको अवधिसम्म कुनै निकायमा चुनाउ लड्न नपाउने गरेर ।

(९) (क) केन्द्रीय समिति र अञ्चल अभियान समितिका मनोनीत सदस्यहरूको लागि आचार संहितासम्बन्धी नियम श्री ५ बाट बनाइबक्सनेछ र अन्य तहका मनोनीत सदस्यहरूको लागि केन्द्रीय समितिले बनाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) केन्द्रीय समितिले अभियानका सबै तहका लागि आन्तरिक नियमहरू बनाउन सक्नेछ र श्री ५ बाट स्वीकृत गरिबक्सेपछि ती लागू हुनेछन् ।

(ग) कार्यविधिः–

(१) केन्द्रीय समितिको बैठक सालको घटीमा ४ पटक बस्नेछ ।

(२) केन्द्रीय समितिको अधिवेशन सालको १ पटक बस्नेछ ।

(३) केन्द्रीय अधिवेशनमा रा. पं. सदस्यहरू, वर्गीय र व्यावसायिक संगठनका केन्द्रीय समितिका पदाधिकारीहरू, सदस्यहरू, अञ्चल अभियान समितिका सदस्य-सचिवहरू, अञ्चल सभापतिहरू र नगर अभियान समितिका अध्यक्ष र सदस्य-सचिवहरूले भाग लिनेछन् । समितिले उचित ठानेका वर्गका प्रतिनिधिहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) अधिवेशनमा कार्यकर्ताहरूले कार्यक्रममा छलफल गरी सुझाउ पेश गर्नेछन् ।

## अञ्चल अभियान समिति

(क) गठनः–

(१) अध्यक्ष– श्री ५ बाट मनोनीत सदस्यहरूमध्य वर्णानुक्रम अनुसार ६।६ महीनाको लागि कुनै एक सदस्य ।

(२) अञ्चल सभाका सभापति– पदेन सदस्य ।

(३) अञ्चलस्तरीय वर्गीय र व्यावसायिक संगठनका सभापतिहरू– पदेन सदस्य ।

(४) अञ्चलभित्रका बुद्धिजीवीवर्ग सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रमा पछाडि परेका समुदायहरू र पञ्चायत व्यवस्थामा उपयुक्त ठहरिएका कार्यकर्ताहरू मध्येबाट ४ जना श्री ५ बाट मनोनीत सदस्यहरू ।

(५) अञ्चलाधीश– पदेन सदस्य ।

(६) सदस्य-सचिव– श्री ५ बाट मनोनीत व्यक्ति ।

द्रष्टव्यः– मनोनीतहरूको अवधि सामान्यतः ४ वर्षको हुनेछ र पुनः मनोनीत हुन सक्नेछन् ।

(ख) कर्त्तव्य र अधिकार :–

(१) केन्द्रीय समितिले दिएको जन-शक्ति परिचालनसम्बन्धी कार्यक्रमलाई जिम्मेदारी र जवाफदेही सहित कार्यान्वियन गर्ने, गराउने ।

(२) जिल्ला अभियान समितिहरू, नगर र गाउँ अभियान समितिहरूबाट प्राप्त स्थानीय आकांक्षा र समस्याहरूसम्बन्धी अध्ययन, मनन र छलफल गरी केन्द्रीय समितिमा राय सहित लेखी पठाउने ।

55 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) क्षेत्रीय विकास समन्वय समितिले अञ्चलव्यापी विकास योजनामाथि छलफल गरी प्राथमिकता तोकेअनुसार अञ्चल अभियान समितिले जिल्ला अभियान, नगर र गाउँ अभियान समितिहरू र पञ्चायत तथा वर्गीय र व्यावसायिक संगठनहरू मार्फत् जन–शक्तिको परिचालन गर्ने ।

(४) जिल्ला अधिवेशनद्वारा प्राप्त सुझावहरूमा छलफल गरी सुझाउको साथै आफ्नो अञ्चलबाट राष्ट्रिय पञ्चायतमा निर्वाचित वा मनोनीत वा वर्गीय र व्यावसायिक संगठन र स्नातक क्षेत्रबाट निर्वाचित सदस्यहरू, वर्गीय र व्यावसायिक संगठनका केन्द्रीय पदाधिकारीहरू एवं सदस्यहरूले आफ्नो अञ्चलमा गरेको कामको आधारमा उनीहरूको मूल्यांकनको लागि केन्द्रीय समितिमा प्रतिवेदन पठाउने ।

(५) जिल्ला, गाउँ र नगरस्तरीय कार्यकर्ताको मूल्यांकन गरी केन्द्रीय समितिमा प्रतिवेदन पठाउने ।

(६) मनोनीत सदस्यहरूले पूरा समय काम गर्नु पर्ने र नियमित रूपले तोकिएको क्षेत्रको अध्ययन, निरीक्षण, मूल्यांकनसम्बन्धी जाँच–बुझ र संगठनात्मक कामकारवाई गर्नु पर्ने ।

(७) निर्दिष्ट सिद्धान्त, नियमहरू र कार्यक्रमको विपरीत आचरण गर्ने जिल्लास्तरीय र गाउँस्तरीय कार्यकर्तामाथि अनुशासनको कारवाई गर्ने :

(क) आत्म-आलोचना गराएर,

(ख) तोकिएको अवधिसम्म कुनै निकायमा चुनाउ लड्न नपाउने गरेर ।

(ग) <u>कार्यविधि</u> :–

(१) समितिको बैठक घटीमा वर्षको ४ पटक बस्नेछ ।

(२) अञ्चल अधिवेशन सालको १ पटक बस्नेछ ।

(३) केन्द्रीय समितिबाट प्राप्त कार्यक्रम र निर्देशनहरूको साथै सो कार्यक्रमको आधारमा भएका उपलब्धिहरूको जानकारी समितिले अधिवेशन समक्ष प्रस्तुत गर्नेछ र त्यसमा कार्यकर्ताहरूले छलफल गरी सुझाउ पेश गर्नेछन् ।

(४) अधिवेशनमा सम्बन्धित अञ्चलका राष्ट्रिय पञ्चायतका सदस्यहरू, जिल्ला अभियान समितिका पदाधिकारीहरू र सदस्यहरूले भाग लिनेछन् । समितिले उचित ठानेका वर्गका प्रतिनिधिहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

## जिल्ला अभियान समिति

(क) <u>गठन</u> :–

(१) अध्यक्ष– अञ्चल अभियान समितिको सिफारिशमा केन्द्रीय समितिद्वारा मनोनीत व्यक्ति ।

85

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) जिल्ला पञ्चायत सभापति– पदेन सदस्य ।
(३) जिल्लास्तरीय वर्गीय र व्यावसायिक संगठनका सभापतिहरू– पदेन सदस्य ।
(४) जिल्लाका बुद्धिजीवीवर्ग; सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रमा पछाडि परेका समुदायहरू; वरिष्ठ कार्यकर्ताहरू र प्राविधिज्ञहरू मध्येबाट ४ जना अञ्चल अभियान समितिको सिफारिशमा केन्द्रीय समितिद्वारा मनोनीत सदस्यहरू ।
(५) सदस्य-सचिव– अञ्चल अभियान समितिको सिफारिशमा केन्द्रीय समितिद्वारा मनोनीत व्यक्ति ।

द्रष्टव्य:– मनोनीतहरूको अवधि सामान्यतः ४ वर्षको हुनेछ र पुनः मनोनीत हुन सक्ने छन् ।

(ख) कर्त्तव्य र अधिकार :–

(१) केन्द्रीय समितिको निर्दिष्ट जन–शक्ति परिचालनसम्बन्धी निर्देशन अनुसार विकास कार्य सफल पार्न जिल्लाव्यापी अभियान चलाउने ।
(२) कार्यक्रमबमोजिम जिल्ला पञ्चायत तथा जिल्लास्तरीय वर्गीय र व्यावसायिक संगठनहरूले गर्नु पर्ने काम-कर्त्तव्य पूरा गर्न उनीहरूलाई सचेत र सक्रिय पार्ने ।
(३) जिल्ला अधिवेशनले सिफारिश गरेका जिल्लाव्यापी विकाससम्बन्धी सुझाउहरू र मूल्यांकनको लागि कार्यकर्ताहरूसम्बन्धी प्रतिवेदन अञ्चल अभियान समितिमा पठाउने ।
(४) अध्यक्ष र सदस्य-सचिवले पूरा समय काम गर्नु पर्ने । जिल्ला समितिले नियमितरूपले आफ्नो जिल्लामा भएको विकास कार्यसम्बन्धी अध्ययन, निरीक्षण, मूल्यांकन र संगठनात्मक काम-कारवाई गर्नु पर्ने ।

(ग) कार्यविधि :–

(१) जिल्ला अभियान समितिको बैठक घटीमा वर्षको ४ पटक बस्नेछ ।
(२) जिल्ला अधिवेशन सालको १ पटक बस्नेछ ।
(३) जिल्ला अधिवेशनमा सम्बन्धित जिल्लाको राष्ट्रिय पञ्चायतका सदस्य, जिल्ला पञ्चायतका सदस्यहरू, जिल्लास्तरीय वर्गीय र व्यावसायिक संगठनका पदाधिकारीहरू, सदस्यहरू र जिल्लाभरका गाउँ अभियान समितिका पदाधिकारीहरू र सदस्यहरूले भाग लिनेछन् । समितिले उचित ठानेका वर्गका प्रतिनिधिहरूलाई आमन्त्रण गर्न सक्नेछ ।
(४) जिल्लास्तरीय कार्यक्रमहरूमा कार्यकर्ताहरूले छलफल गरी सुझाउ पेश गर्नेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## गाउँ अभियान समिति

(क) गठन :–

(१) अध्यक्ष– जिल्ला अभियान समितिको सिफारिशमा अञ्चल अभियान समितिद्वारा मनोनीत व्यक्ति ।

(२) प्रधानपञ्च– पदेन सदस्य ।

(३) वर्गीय र व्यावसायिक संगठनका प्रारम्भिक कार्य समितिका सभापतिहरू– पदेन सदस्य ।

(४) गाउँका बुद्धिजीवीवर्ग; सामाजिक कार्यकर्ता, सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा पछाडि परेका समुदायहरू मध्येबाट ४ जना जिल्ला अभियान समितिको सिफारिशमा अञ्चल अभियान समितिद्वारा मनोनीत सदस्यहरू ।

द्रष्टव्य:– (क) मनोनीतहरूको अवधि सामान्यतः ४ वर्षको हुनेछ र पुनः मनोनीत हुन सक्नेछन् ।

(ख) केन्द्रीय समितिद्वारा व्यवस्थित विशेष तालीम प्राप्त जिल्ला क्षेत्रीय कार्यकर्ताले गाउँ पञ्चायतहरूको संख्या र क्षेत्रफलको आधारमा गाउँ अभियान समितिहरू र जिल्ला अभियान समितिको बीच संचार-माध्यमको र गाउँ अभियान समितिहरूको सदस्य-सचिवको काम गर्नेछ ।

(ख) कर्त्तव्य र अधिकार :–

(१) निर्दिष्ट जनशक्ति परिचालन कार्यक्रमसम्बन्धी निर्देशन अनुसार गाउँव्यापी अभियान चलाउने ।

(२) गाउँ अभियान समितिले प्रत्यक्ष जनसम्पर्कद्वारा गाउँलेको आकांक्षा, पीरमर्का बुझेर कार्य गर्ने ।

(३) कार्यक्रममा उल्लेखित गाउँ पञ्चायतले गर्नुपर्ने काम पूरा गर्न गाउँ पञ्चायतलाई सचेत र क्रियाशील बनाउने ।

(४) समितिले नियमितरूपबाट गाउँ सभा बोलाउन गाउँ पञ्चायतलाई घच्घच्याउने ।

(५) गाउँ पञ्चायत, वर्गीय र व्यावसायिक संगठनका प्रारम्भिक समितिहरूको निर्वाचनमा सुयोग्य र कर्मठ कार्यकर्ताहरू निर्वाचित होउन् भनी सर्वसाधारण जनतालाई सभा, सम्मेलन, गोष्ठी आदिद्वारा चेतनशील बनाउने ।

(६) अवाञ्छनीय तत्वहरूले पैसाको लालच, डर-धम्की, धाक-रवाफ र छल-कपटको भरमा मतदातालाई प्रभाव पार्ने वा फँसाउने कुचेष्टा गर्छन् भने समितिले त्यसको भण्डाफोर गर्ने र असल कार्यकर्ताहरूको पक्षमा प्रचार समेत गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) गाउँ अभियान समितिले प्रत्येक २ महीनामा गाउँमा भएका कार्यहरू, अधिवेशनद्वारा पारित सुझाउहरू र अञ्चलद्वारा हुने मूल्यांकनको लागि कार्यकर्ताहरूसम्बन्धी प्रतिवेदन जिल्ला अभियान समितिमा पठाउनु पर्ने ।

(ग) कार्यविधि :–

(१) गाउँ अभियान समितिको बैठक घटीमा वर्षको ४ पटक बस्नेछ ।
(२) गाउँ अधिवेशन वर्षको १ पटक बस्नेछ ।
(३) गाउँ अधिवेशनमा गाउँ पञ्चायतका पदाधिकारीहरू, सदस्यहरू, वर्गीय र व्यावसायिक संगठनका प्रारम्भिक कार्य समितिका पदाधिकारीहरू, सदस्यहरू र प्राथमिक विद्यालयका शिक्षकहरूले भाग लिनेछन् ।
(४) अधिवेशनमा कार्यकर्ताहरूले गाउँस्तरीय कार्यक्रममा छलफल गरी सुझाउ पेश गर्ने छन् ।

## नगर अभियान समिति

(क) गठन :–

(१) अध्यक्ष– अञ्चल अभियान समितिको सिफारिशमा केन्द्रीय समितिद्वारा मनोनीत व्यक्ति ।
(२) प्रधानपञ्च– पदेन सदस्य ।
(३) अञ्चल अभियान समितिको सिफारिशमा केन्द्रीय समितिले प्रत्येक संगठनको प्रतिनिधित्व हुने गरी स्वीकृत गरेका ५ जना वर्गीय र व्यावसायिक संगठनहरूका प्रारम्भिक समितिका सभापतिहरू– पदेन सदस्य ।
(४) डाक्टर, पत्रकार, लेखक, इञ्जिनीयर, वकिल, प्राध्यापक, शिक्षक, उद्योगपति आदि मध्येबाट ७ जनामा नबढाई अञ्चल अभियान समितिको सिफारिशमा केन्द्रीय समितिद्वारा मनोनीत सदस्यहरू ।
(५) सदस्य-सचिव– अञ्चल अभियान समितिको सिफारिशमा केन्द्रीय समितिद्वारा मनोनीत व्यक्ति ।

द्रष्टव्य:– मनोनीतहरूको अवधि सामान्यतः ४ वर्षको हुनेछ र पुनः मनोनीत हुन सक्नेछन् ।

(ख) कर्त्तव्य र अधिकार :–

(१) निर्दिष्ट जनशक्ति परिचालन कार्यक्रमसम्बन्धी निर्देशन अनुसार नगरव्यापी अभियान चलाउने ।
(२) कार्यक्रमबमोजिम नगर पञ्चायतले गर्नु पर्ने काम-कर्त्तव्य पूरा गर्न नगर पञ्चायतलाई सचेत र क्रियाशील पार्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) केन्द्रीय समितिको निर्देशन अनुसार जनशक्ति परिचालनसम्बन्धी कार्यक्रमहरू बनाई वडा समितिहरू मार्फत् सर्वसाधारण जनतामा राजनैतिक, सामाजिक, आर्थिक, शैक्षिक आदि क्षेत्रमा चेतना जागृत गराउने ।

(४) नगरस्तरीय कार्यकर्ताको मूल्यांकनको लागि अञ्चल अभियान समितिमा प्रतिवेदन पठाउने ।

(ग) कार्यविधि :–

(१) नगर अभियान समितिको बैठक घटीमा वर्षको ४ पटक बस्नेछ ।

(२) पूरा समय काम गर्ने सदस्य-सचिवले नगर पञ्चायत क्षेत्रमा भएका सम्पूर्ण गतिविधिहरूको बारेमा प्रत्येक २ महीनामा आफ्नो मन्तव्य सहित प्रतिवेदन केन्द्रीय समितिमा पठाउनु पर्नेछ ।

(क) गाउँ फर्क–राष्ट्रिय अभियान केन्द्रीय समितिले तोकेको नगर पञ्चायतमा वडा अभियान समितिको गठन हुनेछ । गठन निम्न प्रकारको हुनेछः–

(१) अध्यक्ष–नगर अभियान समितिद्वारा मनोनीत व्यक्ति ।

(२) नगर पञ्चायतको वडा सदस्य– पदेन सदस्य ।

(३) सदस्य-सचिव– नगर अभियान समितिद्वारा मनोनीत व्यक्ति ।

द्रष्टव्यः मनोनीतहरूको अवधि सामान्यतः ४ वर्षको हुनेछ र पुनः मनोनीत हुन सक्नेछन् ।

(ख) वडा अभियान समितिको कर्त्तव्य र अधिकारः–

(१) वडा समितिले प्रत्यक्ष जन-सम्पर्कद्वारा वडाका जनताको आकांक्षा, पीरमर्का बुझेर कार्य गर्ने ।

(२) वडा समितिले आफ्नो वडाका वर्गीय र व्यावसायिक संगठनहरूका प्रारम्भिक समितिहरूको निर्वाचनमा सुयोग्य र कर्मठ कार्यकर्ताहरू निर्वाचित होउन् भनी सर्वसाधारण जनतालाई सभा, सम्मेलन, पोष्टर, गोष्ठी आदिद्वारा चेतनशील बनाउने ।

(३) अवाञ्छनीय तत्वहरूले पैसाको लालच, डर-धम्की, धाक-रवाफ, छल-कपटको भरमा मतदाताहरूलाई प्रभाव पार्ने या फँसाउने कुचेष्टा गर्छन् भने समितिले त्यसको भण्डाफोर गर्ने र असल कार्यकर्ताको पक्षमा प्रचार समेत गर्ने ।

(४) पूरा समय काम गर्ने सदस्य-सचिवले मासिक प्रतिवेदन केन्द्रीय समिति र नगर अभियान समितिमा आफ्नो मन्तव्यसहित पठाउनु पर्ने ।

(ग) कार्यविधिः –

(१) वडा समितिको बैठक घटीमा वर्षको ४ पटक बस्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## १. मूल्यांँकनको आवश्यकता

नेपाल अधिराज्यमा पञ्चायत प्रजातन्त्र नैसर्गिक वास्तविकता हो । किनभने नेपाली परम्पराअनुसार संगठनात्मक बहुमत निर्णयद्वारा सामूहिक समस्याहरूको समाधान गरिन्छ र यो व्यवस्था नै जन–आकांक्षालाई मुखरित गर्ने एक ठोस प्रक्रिया हो ।

जन–आकांक्षा अनुरूप व्यापक राष्ट्रिय दृष्टिकोणबाट विभिन्न वर्ग र व्यवसायको हितमा सामञ्जस्य ल्याई एउटा प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना गर्नु यस व्यवस्थाको उद्देश्य रहेको छ ।

व्यवस्थाको उद्देश्यको आधारमा बनेका कार्यक्रमहरूलाई सफल पार्न व्यवस्थाप्रति निष्ठावान् कार्यकर्ताहरूले नै सक्रिय भूमिका खेल्नु पर्दछ । जनतालाई सक्रिय पारी विकासतिर प्रवृत्त गराउन र कार्यकर्ताले आफ्नो क्षेत्रमा के कति काम गऱ्यो त्यसैको आधारमा उसको मूल्यांकन गरिन्छ । त्यसैकारण, संस्थागत विकासद्वारा मूल्यांकन परिपाटीलाई परिमार्जित गर्दै लैजान आवश्यक हुन्छ । संस्थागतरूपमा मूल्यांकन परिपाटीको संचालन शुरू भएपछि जनहितको लागि निर्दिष्ट कार्यक्रम पूरा गर्ने सक्रिय कार्यकर्ताले पुरस्कार र नगर्नेले दण्ड पाउने व्यवस्थाको ठोस आधार स्थापित हुन जानेछ ।

## २. मूल्यांकन प्रक्रियाको इच्छित उद्देश्य

क्रियाशील र सृजनात्मक प्रतिभा भएका देश, नरेश, व्यवस्था र जनताप्रति आस्थावान कार्यकर्ताहरू नै सही मूल्यांकनद्वारा माथिल्लो तहसम्म जान पाउन् ।

## ३. पंचकार्यकर्ताहरूमा हुनु पर्ने गुण

पञ्चकार्यकर्ताहरूले संविधान, ऐनकानून, नियम, आचारसंहिता, गाउँ फर्क–राष्ट्रिय अभियान पुस्तिकाको कार्यक्रमका मुख्य आधारहरू अनुसार कार्यहरू सम्पादन गर्न उनीहरूमा व्यवस्था र यसका सिद्धान्तप्रति आस्था र निष्ठा राखी गहिरिएर बुझ्न र बुझाउन सक्नु, आफ्ना गाउँ।नगर, जिल्ला, अञ्चलको वास्तविक वस्तुस्थितिसंग परिचित हुन सक्नु, राष्ट्रिय र अन्तर्राष्ट्रिय गतिविधिहरूसंग परिचित हुन सक्नु, आफूलाई निर्वाचन गर्ने संस्थाप्रति उत्तरदायित्व वहन गर्न सक्नु, जनतालाई जागरूक बनाउने काममा सक्रिय रहनुका साथै नैतिक जिम्मेवारी पनि वहन गर्न सक्नु र जिम्मेवारी लिंदा त्रुटि हुन गएको छ भने त्यस्तो त्रुटिलाई सकारेर दोहोरिन नदिई आफ्नो कर्त्तव्य पालनमा अग्रसर भई जनप्रिय हुन सक्ने योग्यता र गुणको विकास हुनुपर्दछ । यसैको आधारमा कार्यकर्ताहरूको सामान्यत: तीन तहमा–वरिष्ठ, कर्मठ र साधारण–स्तर निर्धारण हुन जान्छ;

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) वरिष्ठ कार्यकर्ता:– उपर्युक्त गुणहरूको आधारमा व्यवस्थाको उद्देश्यपूरा गर्न समय र परिस्थिति अनुसार निर्दिष्ट कार्यक्रमलाई सम्पन्न गर्दै जन-आस्था प्राप्तगरी कुनै पनि समस्यालाई बुद्धिमत्तापूर्ण विश्लेषणद्वारा समाधानको बाटो तुरुन्तै पहिल्याउन सक्ने कार्यकर्तालाई वरिष्ठ कार्यकर्ता मान्न सकिन्छ ।

(ख) कर्मठ कार्यकर्ता:– उपर्युक्त गुणहरूको आधारमा कुनै पनि समस्यालाई विश्लेषण गरी समाधानको बाटो तुरुन्तै निकाल्न नसके पनि व्यवस्थाको उद्देश्य पूरा गर्न समय र परिस्थिति अनुसार निर्दिष्ट कार्यक्रमलाई सम्पन्न गर्न लगनशील हुँदै जन-आस्था प्राप्त गर्न सक्ने कार्यकर्तालाई कर्मठ मान्न सकिन्छ ।

(ग) साधारण कार्यकर्ता:– उपर्युक्त गुणहरूको आधारमा व्यवस्थाको उद्देश्य पूरा गर्न समय र परिस्थिति अनुसार निर्दिष्ट कार्यक्रम सम्पन्न गर्दै जन-आस्था प्राप्त गर्न प्रयत्नशील कार्यकर्तालाई साधारण मान्न सकिन्छ ।

वरिष्ठ, कर्मठ र साधारण कार्यकर्तालाई पनि गुण र काम हेरी प्रत्येक कार्यकर्ताको तहमा स्तरनिर्धारण गर्न सकिन्छ ।

## ४. कार्यकर्ताहरूको मूल्यांकन स्रोत र आधार

गाउँ तहदेखि राष्ट्रिय पञ्चायतसम्म प्रतिनिधित्व गर्ने पञ्चायत तथा वर्गीय र व्यावसायिक संगठनहरूका विभिन्न तहका प्रतिनिधिहरू, स्नातक क्षेत्रबाट निर्वाचित प्रतिनिधिहरू र मनोनित सदस्यहरूको निम्नलिखित मूल्यांकन आधारहरू अनुसार आफ्नो आफ्नो क्षेत्रमा गरेको कामको आधारमा मूल्यांकन गर्दा स्तरनिर्धारण हुन जानु स्वाभाविक हो । स्तरनिर्धारण विभिन्न स्रोतहरूबाट उपलब्ध हुने पञ्चकार्यकर्ताहरूको कार्यसम्बन्धी प्रतिवेदनहरूकै आधारमा हुन जान्छ । विभिन्न स्रोतहरू र आधारहरू निम्न प्रकार छन्:–

(क) मूल्यांकन स्रोतहरू:–

(१) राष्ट्रिय पञ्चायत सचिवालय,
(२) अञ्चल अभियान समिति,
(३) वर्गीय र व्यावसायिक संगठन केन्द्रीय समिति,
(४) जिल्लास्तरीय वर्गीय र व्यावसायिक संगठन,
(५) जिल्ला पञ्चायत,
(६) जिल्ला अभियान समिति,
(७) गाउँ।नगर अभियान समिति,
(८) केन्द्र तथा अञ्चल अभियान समितिहरूको आफ्नै स्रोत ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) मूल्यांकनका आधारहरू:-

(१) देश, नरेश र व्यवस्थाप्रति आस्था,

(२) व्यवस्थाको सैद्धान्तिक पक्षलाई सर्वसाधारणमा बुझाउन सक्ने क्षमता,

(३) देश विकास कार्यक्रममा योगदान र कार्यकुशलता,

(४) नैतिक आचरण,

(५) गाउँ फर्क कार्यक्रम अनुरूप कार्य गरे नगरेको,

(६) जन-प्रियता ।

हुकुमबक्से बमोजिम,
मी.सु. ईश्वरीमान श्रेष्ठ
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

---

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।